**श्री कुमारी बैंक लिमिटेडको**
**तेह्रौं वार्षिक साधारण सभाको**
**निर्णय विवरण**

श्री कुमारी बैंक लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय**

मिति : २०७१ साल बैशाख महिना १७ गते बुधवार (तदनुसार ३० अप्रिल २०१४)
स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनि मार्ग, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

**२) सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७० साल चैत्र महिना १४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७० चैत्र १८ गते र २०७१ बैशाख १४ गते क्रमशः नागरिक राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा तेह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टरको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि वाह्य लेखापरीक्षक श्री बकर टिल्ली देव एशोसियट्सलाई अनुरोध गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१. तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारीत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७० को वासलात, आ.व. २०६९/७० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक वर्ष २०७०/७१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु.१,१८,१७,४७४/– (चुक्ता पुँजीको ०.७४ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने ।
५. संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने चार (४) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने । साथै संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको कार्यकाल बढीमा चार (४) वर्ष र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको यस अघि निर्वाचित दुई (२) जना सञ्चालकहरुको कार्यकालसँग मेल खाने गरी बढीमा तीन (३) वर्षको कार्यकाल तोक्ने ।

**ख) <u>विशेष प्रस्ताव</u>**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १४ (चौध) प्रतिशत बोनश शेयर जारी गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गरी जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने ।

**ग) विविध ।**

**४) सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

१) श्री नूर प्रताप ज.ब.राणा — अध्यक्ष – उपस्थित
२) प्रा.डा. राजन बहादुर पौडेल — सञ्चालक – उपस्थित
३) डा. शोभा कान्त ढकाल — सञ्चालक – उपस्थित
४) श्री उत्तम प्रसाद भट्टराई — सञ्चालक – उपस्थित
५) श्री नरेश दुगड — सञ्चालक – उपस्थित
६) श्री अमिर प्रताप ज.ब.राणा — सञ्चालक – उपस्थित
७) श्री ऋषी अग्रवाल — सञ्चालक – उपस्थित
८) श्री रसेन्द्र वहादुर मल्ल — सञ्चालक – उपस्थित

**(ख) पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) पर्यवेक्षक, सहायक रजिष्ट्रार श्रीमती सावित्री पौडेल - श्री कम्पनी रजिष्ट्रारको कार्यालय
२) पर्यवेक्षक, अधिकृत श्री सुरज प्रधानाङ्ग – श्री नेपाल धितोपत्र बोर्ड
३) आमन्त्रित वाह्य लेखापरीक्षक बकर टिल्ली देव एशोसियट्सका प्रतिनिधि श्री रजनिश दाहाल

**(ग) बैंक पदाधिकारीहरुको उपस्थिति** :

१) श्री उदयकृष्ण उपाध्याय - प्रमुख कार्यकारी अधिकृत
२) श्री राजिव गिरी – नायव प्रमुख कार्यकारी अधिकृत
३) श्री गेहनाथ ढुंगाना - नायव महाप्रबन्धक
४) श्री सुरेश कुमार कर्ण - बरिष्ठ प्रबन्धक
५) श्री निर्मल कुमार खतिवडा - प्रमुख-वित्त
६) श्री कुमार उप्रेती - अध्यक्ष - कुमारी बैंक लिमिटेड कर्मचारी संघ
७) श्री नरेन्द्र प्रसाद छत्कुली - कम्पनी सचिव/प्रमुख-कानून तथा अनुपालन

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित १० जना र प्रोक्सी दिने ७० जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ६८,१५,१९२
२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित ४२१ जना र प्रोक्सी दिने २१७ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या २३,८०,१६७
३) कुल उपस्थिति शेयर संख्या ७१८
४) शेयरको कुल उपस्थिति प्रतिशत ५७.३३

**५) <u>सभाको गणपूरक संख्या</u> :**

| **विवरण** | **जम्मा शेयर** | **स्वयम् उपस्थिति** | **प्रतिनिधि मार्फत** | **शेयरधनीको उपस्थिति संख्या** | **शेयरको कूल उपस्थिति प्रतिशत** |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुलशेयर संख्या १,६०,३८,००० | ९१,९५,३५९ | ४३१ | २८७ | ७१८ | ५७.३३ |

**६) सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या (१,६०,३८,०००) को ८३,७९,०३४ शेयर अर्थात ५२.२४ प्रतिशत भन्दाबढी शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री नूर प्रताप ज.ब.राणज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

**८) सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०६९।७० को संक्षिप्त वित्तीय झलक लगायत चालु आ.व.को तेस्रो त्रैमासिक अर्थात चैत्र मसान्त सम्मको संक्षिप्त वित्तीय विवरणहरु सहित बैंकको अन्य गतिविधिको बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

**९) तेह्रौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फवाट बैंकको तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६९/७० को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

**१०) छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०६९/७० को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

**११) छलफलमा सहभागी हुने शेयरधनीहरुः**

१. श्री ब्यास कुमार शर्मा
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री अशोक उप्रेति
४. मेजर कुवेर श्रेष्ठ

५. डा. माधव कुमार श्रेष्ठ
६. श्री भक्ति प्रसाद उप्रेती
७. श्री वैज नाथ रौनियार
८. श्री रोज कुमार श्रेष्ठ
९. श्री जयन्द्र मान सिंह बानिया
१०. श्री डम्मरु बल्लभ घिमिरे
११. श्री लवराज जोशी
१२. श्री राम गोपाल महर्जन

**१२) छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावः**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारंशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

**१) श्री ब्यास कुमार शर्माः** उपस्थित सवैलाई सम्वोधन गर्दै जगेडा कोष, निक्षेप, लगानी, कर्जा लगानी र समग्रमा वासलातको आकार बढेकोले सन्तुलित रहेको धारणा व्यक्त गर्नु भयो । त्यसैगरी ब्याज आम्दानी धेरथोर बढेको छ, संचालन आम्दानी बाहेक अन्य आम्दानी बढेको छ, स्रोत साधनको राम्रो परिचालन भएको छ, संचालन खर्च घटेको छ, ईपिएस बढेको छ, केवल कर्जा नोक्सानी बढेको कारणले मात्र रु.४० करोड मुनाफा हाँसिल हुन नसकेको हो भन्ने धारणा व्यक्त गर्नु भयो । कर्जा उठतीमा ध्यान दिन, वासलातको आकार बढाउन, सम्पत्तिको गुणस्तरमा सुधार गर्न, गैर कोषमा आधारित व्यवसाय बढाउन, निस्कृय कर्जा घटाउन, ब्याज उठाउन, गैर बैकिंग सम्पत्ति बिक्री गर्न, कर्जा नोक्सानीलाई फिर्ता गराउन, बीमा कम्पनी र जलबिद्युत जस्ता जोखिम रहित क्षेत्रमा लगानी गर्न सुझाव गर्दै मर्ज गरेर वा हकप्रद शेयर जारी गरेर भएपनि पुँजी बढाउन सुझाव दिदै आगामी वर्ष २० देखि २५ प्रतिशत सम्म प्रतिफल पाउने आशा व्यक्त गर्नु भयो ।

**२) श्री उद्धव प्रसाद घिमिरेः** प्रस्तावित १४ प्रतिशत मुनाफा सन्तोषजनक छ, आगामी वर्ष कम्तिमा १५ प्रतिशत होस भन्ने सुझाव सहित वासलातमा निक्षेप, लगानी, कर्जा लगानी जस्ता कुराहरु Pai chart, vertical chart, graphic chart मा प्रस्तुत गरेको भए राम्रो हुने थियो । वासलातको आकार बढेकोमा स्वागतयोग्य छ, स्थिर सम्पत्ति घटेको तर्फ ध्यान दिन, भुक्तानी हुन बांकी लाभांश घटाउन, आसामि हिसाव बढेकोमा ध्यान दिन, कर्जाको आकार बढाउन, असुल हुन बांकी ब्याज असुल उपर गर्न, विदेशी मुद्राको आम्दानी बढाउन, प्रतित पत्र कारोवार बढाउन, निस्कृय कर्जा घटाउन, साना तथा घरेलु उद्योग र कृषि क्षेत्रमा लगानी बढाउन सुझाव गर्नु भयो ।

**३) श्री अशोक उप्रेतीः** कृषि र विप्रेषण यो देशको मुख्य आम्दानीको स्रोत भएकोले सो क्षेत्रमा लगानी बढाउन सुझाव गर्दै यो बैंकको प्रतिफल राम्रो सन्तोषजनक छ, यद्यपि विगत केही समय देखि बैंकको साखः घटेको आभाश भएकोले त्यस तर्फ ध्यान दिन, बैंक विरुद्ध मुद्दा परेको कुरा वासलातबाट देखिएकोले सो बारेमा जानकारी दिन आगामी दिनमा बैंकको थप प्रगति होस भन्ने सुभकामना व्यक्त गर्नु भयो ।

**४) मेजर कुवेर श्रेष्ठः** बैंकको संस्थापक र सञ्चालक बिच राम्रो मेल मिलाप भएमा बैंकको प्रगतिको हुन सक्ने कुरामा आफु विश्वस्त रहेको धारणा व्यक्त गर्दै १४ प्रतिशतको बोनश शेयर स्वागत योग्य रहेको र आगामी वर्ष २० प्रतिशत मुनाफा दिने घोषणा अध्यक्षज्यूबाट होस भन्ने माग गर्नु भयो । ब्याजदरको अन्तर ४.६२% देखिएको अवस्थामा रु. २७ अरवको निक्षेपमा मुनाफा कम हुनुको कारण माग गर्दै सधैको लागि सवैको लागि भन्ने बैंकको नारा राम्रो भएकोले नारा अनुसार मन, बचन र कर्मले कार्य गर्न सुझाव दिनु भयो । त्यसैगरी रु.३१.४६ करोडको कर्जा नोक्सानी व्यवस्था र रु.२७.३७ करोडको ब्याज उठतीमा सुधार गर्न सक्यो भने पनि बैंकको मुनाफामा राम्रो बृद्धि हुने भएकोले त्यसमा ध्यान दिन

सुझाव गर्नु भयो । हाल रु.१६० करोडको चुक्ता पुँजी भएको अवस्थामा रु.२०० करोड पुऱ्याउने पुँजी योजनाको बारेमा जानकारी माग गर्दै लगानी सम्वन्धी स्किम ल्याउन, माईक्रो फाईनान्स र जलबिद्युतमा लगानी बढाउन सुझाव गर्नु भयो । बैंकहरुमा सुरक्षाको समस्या बढी रहेकोले योजनाबद्ध रुपले अगाडी बढ्न, लागत र मुनाफाको हिसाव गरी अगाडी बढ्न, पेनसन निक्षेप योजना ल्याउन, पानिमा, खानिमा र जवानीमा (युवाहरुमा) लगानी बढाउन र कर्मचारीहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्दै काम अनुसार माम दिने व्यवस्था होस भनि माग गर्नु भयो । त्यसैगरी कुमारी बैंकको शेयर संख्या र कति शेयर धारण गर्ने कति संख्यामा छन भन्ने शेयर संरचना दिन सुझाव गर्दै प्रस्तावित बोनश शेयर कहिले देखि वितरण गरिन्छ भन्ने जानकारी माग गर्नु भयो ।

५) **डा.माधव कुमार श्रेष्ठः** देशको तुलाना अन्तराष्ट्रिय रुपमा गर्दै कुमारी बैंकको तुलना एकै वर्षमा स्थापना भएको लक्ष्मि बैंक लि.सँग गर्नु भयो । बैंकको नेतृत्व प्रमुख कार्यकारी अधिकृतले गर्ने भएकोले उसको क्षमतामा ध्यान दिनु पर्ने र व्यवसायिक सञ्चालकको भुमिकाको बारेमा समेत चर्चा गर्नु भयो । नेपाल राष्ट्र बैंक vigilant भए मात्र बैंकको प्रगति हुन सक्ने धारणा राख्दै बैंकहरुले service sector र manufacturing sector मा लगानी बढाउनु पर्ने र घट्दो व्याजदर तर्फ ध्यान केन्द्रित हुनु पर्ने विचार राख्नु भयो । बैंकले निष्कृय कर्जा घटाउनु पर्ने, Sound Governance System मा ध्यान दिने, कम्पनीको ख्यातिमा प्रमुख कार्यकारी अधिकृतको भूमिका महत्वपूर्ण हुने भएकोले creative cultural of trust and accountability हुनु पऱ्यो भन्दै synergy benefit को लागि Merger and Acquisition मा जानु उत्तम बिकल्प हो जसनुसार रु.५ देखि रु.१० अर्वको पुँजी पुऱ्याउने लक्ष्य हुनु पर्ने धारणा राख्नु भयो ।

६) **श्री भक्ति प्रसाद उप्रेति :** यस बैंकले १३ वर्ष पार गरि सकेको परिप्रेक्ष्यमा आफ्नो प्रगतिको रेखा चित्र, पाई चार्ट, ग्रस चार्टको माध्यमबाट ८/१० वटा सूचकाँङ्कहरु दिएको भए राम्रो हुने थियो भन्दै आगामी वर्ष त्यस तर्फ ध्यान दिन सुझाव गर्नु भयो । १४ प्रतिशत बोनश शेयरको लागि धन्यवाद भन्दै राष्ट्र बैंकको निर्देशनलाई भन्दा पनि आफ्नै हिसावले प्रत्येक ६/६ वर्षमा पुँजि दोब्बर बनाउने लक्ष्य लिन सुझाव दिनु भयो । संस्थागत उत्तर दायित्व सन्तोषजनक छ । शाखा बिस्तारमा जोड दिन, बैंक भित्र सुरक्षा व्यवस्था राम्रो होस, निक्षेप गतसालको तुलानामा रु.४ अरव बृद्धि भएको र फाल्गुन मसान्त सम्मको संचालन मुनाफा अघिल्लो वर्षको सोही अवधि भन्दा घटेको अवस्थामा संभावित नोक्सानी नबढ्ने र मुनाफा बृद्धि हुनेमा आशंका व्यक्त गर्नु भयो । १३ वर्ष पुरानो बैंकलाई वार्षिक साधारण सभा यति ढिलो गर्न सुहायन कार्तिक, मंसिर भित्रै साधारण सभा सम्पन्न गर्ने व्यवस्था गरियोस । बैंकले रियलस्टेट क्षेत्रमा भन्दा उत्पादनमूलक क्षेत्रमा लगानी बढाईयोस र आगामी वर्ष यो भन्दा बढी प्रतिफल दिने गरी काम गरियोस भनि सुझाव गर्नु भयो ।

७) **श्री बैजनाथ रौनियारः** यस बैंकले १४% बोनश शेयर दिएकोमा धन्यवाद भन्दै सो मध्ये ५% नगद लाभांश भएको भए राम्रो हुन्थ्यो भन्ने धारणा व्यक्त गर्नु भयो । वासलातमा विभिन्न निकायहरुसँग मुद्दा परेको भनि उल्लेख गरिएको छ हाल उक्त मुद्दाको अवस्था कस्तो छ जानकारी दिइयोस् । भुक्तानी हुन बाँकी लाभांश धनीको नाम समेत दिएको भए राम्रो हुने थियो । राष्ट्र बैंकले औंल्याएको कैफियतलाई सुधार गरी पठाएको जवाफ वासलातमा उल्लेख गरेको भए राम्रो हुने थियो । ड्यासमा आसिन सञ्चालकहरुको नाम समेत उल्लेख गरी सिटको व्यवस्था भए राम्रो हुन्थ्यो भन्ने सुझाव दिनु भयो । त्यसैगरी आयुसा डेभलोपर्स र कोहिनुर हिलको कर्जा उठ्ने अवस्था छ छैन भन्ने प्रश्न गर्दै शुन्यान्तर नभएको फिरेक्सन शेयरलाई के गर्ने बिचार छ सकेसम्म नपुग रकम शेयरधनीहरुसँग लिएर शुन्यान्तरमा परिणत गरियोस भन्ने सुझाव गर्नु भयो । त्यसै गरी आगामि साल २०% लाभांश प्राप्त हुने अपेक्षा व्यक्त गर्दै कर्मचारीहरुको व्यक्तित्व बिकासको लागि तालिमको व्यवस्था होस भन्ने सुझाव समेत दिनु भयो ।

८) **श्री रोज कुमार श्रेष्ठ :** १४ प्रतिशत बोनश शेयर प्राप्त गर्नु सन्तोषको कुरा हो । कर्जा नोक्सानी आगामी वर्ष थप गर्न नपर्ने भनिएको छ तर उठ्नु पर्ने ब्याज उठाउने प्रतिवद्धता आएको भए राम्रो हुने थियो । वासलातको पेज ११ मा दिएको प्रगति विवरण सन्तोषजनक छैन । कर्जा सापटी वाहेक अन्य तथ्याङ्क उत्साहप्रद छैन । ब्याज आम्दानी नै १% नकारात्मक छ । ब्याज खर्च कम हुनु पर्नेमा ११% बढी रहेको छ । अन्य संचालन आम्दानी जति (५१%) बढेपनि खासै फरक नपर्ने तर ब्याज आम्दानी नै १८% ह्रास छ जुन सन्तोषजनक मान्न सकिन्न । एटिएमको आम्दानी रु.२ करोड ८५ लाख देखाइएको छ तर खर्च देखाइएको छैन आगामी वर्ष सो खर्च देखाउने व्यवस्था गरियोस । प्रमुख सूचकाँङ्कमा शेयर पुँजीमा लाभांश समेत गरी १४.७४% हुनु पर्नेमा फाराम सही ढंगले भरेको देखिएन । वासलातमा पुँजी योजनाको बारेमा समेत उल्लेख गरिदिएको भए राम्रो हुने थियो भन्ने बिचार व्यक्त गर्नु भयो ।

९) **श्री जयन्द्र मान सिंह बानिया:** ढिलै भए पनि साधारण सभा सम्पन्न हुन गई राखेकोमा खुशी व्यक्त गर्दै नेपाल राष्ट्र बैंकले २०७१ आषाढ सम्म रु.२ अरव चुक्ता पुँजी पुऱ्याउनु पर्ने निर्देशन भएको अवस्थामा यस बैंकको मात्र रु.१ अरव ८२ करोड हुन गई रहेको अवस्था छ भने सो पुँजी कसरी पुरा हुन्छ भनि प्रश्न गर्नु भयो । उहाँले बैंकको earning assets कसरी राम्रोसँग उपयोग गर्ने भन्ने तर्फ ध्यान दिनु पर्ने सुझाव गर्नु भयो । आगामी वर्षको आम्दानीको आधार प्रतिवेदनमा स्पष्ट भएन र १३ वर्ष पुरा गरि सकेको बैंकको प्रगतिलाई सन्तोषजनक मान्न सकिन्न भन्ने विचार व्यक्त गर्नु भयो । उहाँले फाल्गुन मसान्त सम्ममा अघिल्लो वर्षको सोही अवधिको तुलानामा खुद ब्याज आम्दानी घटेको देखाइएको छ भने बाँकी रहेको ३ महिनामा कसरि आम्दानि बृद्धि गर्न सकिन्छ भन्ने शंका व्यक्त गर्दै सम्पत्तिको गुणस्तरमा सुधार तर्फ ध्यान सुझाव गर्नुभयो । खुद मुनाफा भन्दा कर्जा नोक्सानी व्यवस्था बढी भएकोले त्यसको उठतीमा प्राथमिकता साथ ध्यान दिन सुझाव गर्नु भयो । दायित्व कम गरी मुनाफा बृद्धि गर्न कम व्याज खर्चको निक्षेप अर्थात चालु खाता तथा बचत निक्षेपमा ध्यान दिन सुझाव गर्नु भयो ।

१०) **श्री डम्मरु बल्लभ घिमिरे :** हालको अवस्थामा खुद १४% बोनश शेयर स्वागत योग्य छ र आगामी वर्ष २०% नघटोस भनि सुझाव गर्नु भयो । मर्जरको हल्ला छ तर प्रतिवेदनमा देखिएन सो को प्रगतिको वारेमा जानकारी गराइयोस । नव निर्वाचित सञ्चालकज्यूहरुलाई जोस जाँगरका साथ कार्य गर्न सुझाव दिनु भयो । आगामी साधारण सभा अगाडी नै नक्शाल स्थित आफ्नै जग्गामा भवन निर्माणको शिलान्यास भएको सुन्न पाईयोस भन्दै यस १३ औं वार्षिक साधारण सभा सफलतासाथ सम्पन्न होस् भनि शुभ कामना व्यक्त गर्नु भयो ।

११) **श्री लवराज जोशी :** उपस्थित सवैलाई सम्वोधन गर्दै आश्विन मसान्त भित्रै साधारण सभा गर्ने लक्ष्य लिएको यस बैंकले रु.४० करोडको बण्डको रकम बाँडफाँड गर्ने अपेक्षामा राष्ट्र बैंकको स्वीकृति कुर्दा ढिला हुन गएको आफ्नो बुझाई रहेको धारणा व्यक्त गर्नु भयो । बैंकले कम खर्चको निक्षेप अर्थात बचत निक्षेपमा ६० प्रतिशत हिस्सा बनाउन सके ब्याज आम्दानी बढ्ने र दिर्घकालमा बैंकलाई फाईदा पुग्ने धारणा राख्नु भयो । दरवारमार्ग स्थित कर्पोरेट कार्यालय महङ्गो भएकोले त्यस तर्फ ध्यान दिन सुझाव गर्दै पुतलीसडक स्थित शाखा प्रबन्धक हटाउनुको दृष्टिकोण माग गर्नु भयो । कर्मचारीहरुलाई तालिम दिएर पूर्वाधारको रुपमा बिकास गर्न र कर्मचारीहरुले पनि आफु कार्यरत संस्थालाई बढी भन्दा बढी माया गरी संस्थाको विकासमा आफ्नो उन्नति हुने आशा राख्दै दैनिक तलब भत्ता भन्दा पनि बोनश पाउने अभिप्रायले कार्य गर्न सुझाव दिनु भयो । बैंकले कृषि, फलफुल, तरकारी, जडिबुटी, कुखुरा तथा पशुपालनमा लगानी बढाउन सुझाव गर्नु भयो । अन्तमा यस बैंकको प्रमुख कार्यकारी अधिकृतको स्वच्छ छवि र मेहनती स्वभावको कारण बैंकले थप प्रगति हाँसिल हुने कुरामा आफु बिश्वस्त रहेको र सञ्चालकहरु विच एकतावद्ध भई बैंकलाई उन्नति गरेमा अभिनन्दित हुने विचार व्यक्त गर्नु भयो ।

**१२) श्री राम गोपाल महर्जन** : १४ प्रतिशत बोनश शेयरको लागि धन्यवाद भन्दै बैंकको खुद नाफा, कर्जा र निक्षेपमा बृद्धि गर्न सफल भएकोमा धन्यवाद दिनु भयो । निष्कृय कर्जा बढेकोमा चिन्दा व्यक्त गर्दै हाल कस्तो अवस्थामा छ जानकारी दिन अनुरोध गर्नु भयो । एटिएम र शाखा संख्याको बिस्तारसँगै सुरक्षा व्यवस्थामा समेत ध्यान दिइयोस, हामी भन्दा पछि खुलेका बैंकहरुले खुद नाफा, निक्षेप आदिमा अगाडी बढी सकेकोले त्यस तर्फ ध्यान, समयमै साधारण सभा सम्पन्न गर्न र मर्जरमा जाँदा मिल्ने खालको बैंकसँग मात्र कुरा अगाडी बढाउन सुझाव दिंदै बिज्ञापन खर्च कम गर्न र कर्मचारीहरुलाई तालिममा बढी सहभागी गराईयोस भन्ने सुझाव समेत दिनु भयो ।

**१३) शेयरधनि श्री नरसिंह लाल चंखु**ले देहाय बमोजिमको लिखित मन्तब्य उपलब्ध गराउनु भयो :–
प्रस्तावित १४ प्रतिशत बोनश शेयरको लागि धन्यवाद । आगामी वर्ष ८ प्रतिशत नगद र २० प्रतिशत बोनश शेयर होस भन्ने सुझाव पेश गर्नु भयो । जसको आधार संचित कोषमा रहेको रकमबाट बोनश वितरण गरी चुक्ता पुँजी पुऱ्याउन सकिने धारणा प्रस्तुत गर्नुभयो । लगानी र कर्जामा भएको बृद्धि स्वागतयोग्य छ । खुद ब्याज आम्दानीमा बृद्धि भएको राम्रो छ । कर्जा नोक्सानी व्यवस्थाबाट उठती गर्न कोशिस गरेको राम्रो छ, NPL र NPA मा अझै ध्यान दिनु जरुरी छ, CD ratio सन्तुलनमा छ, Forex Management मा सचेत हुन जरुरी छ, व्याजदर र ब्याज उठतीमा चनाखो हुनु आवश्यक छ, विभिन्न जोखिममा ध्यान दिन आवश्यक छ साथै प्रति कर्मचारी आम्दानी र नाफामा ध्यान सुझाव गर्नु भयो । अन्तमा व्यवस्थापकिय सुशासन र वित्तीय अनुशासन कायम गर्न बैंक सफल रहेको प्रति धन्यवाद दिंदै साधारण सभाको सफलताको कामना गर्नु भयो ।

**१३) सभामा पेश भएका सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले पेश गर्नु भएका आ–आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले संक्षिप्त जवाफ दिनु भयो । सो जवाफ तथा प्रष्टिकरणलाई एकिकृत तथा सारांशको रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :–

**अध्यक्षज्यूको जवाफः**

वक्ता शेयरधनी साथीहरुले मन्तव्य दिने क्रममा उठाउनु भएको जिज्ञासा, सल्लाह, सुझाव र शुभकामनाहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै उहाँहरुद्वारा ब्यक्त जिज्ञासाका सम्वन्धमा संक्षेपमा देहाय बमोजिम बुँदागत जानकारी गराउनु भयो ।

१) मुद्दाको विषयमा उठाउनु भएको जिज्ञासाको सम्वन्धमा कर्जा नतिर्ने ऋणीहरुले समय लम्ब्याउने उद्देश्यले दायर गरेको कर्जासँग सम्वन्धित छ र त्यस्ता मुद्दासँग सम्वन्धित कर्जा उठतीमा ढिला भएता पनि कर्जा अपलेखन गर्नु पर्ने अवस्था नरहेको जानकारी गराउनु भयो ।

२) हाइड्रोफण्डमा लगानी गर्न दिएको सुझावका सम्वन्धमा बैंकले त्यस्ता स्पेकुलेशन एक्टिभिटीमा लगानी नगर्ने नीति लिएको जानकारी गराउनु भयो ।

३) NBPL को शेयर मार्केट उच्च रहेता पनि सिमित मात्रमा बसेर बैंकले लगानी गर्न मिल्ने भएता पनि बैंकले त्यसमा लगानी गरेको छैन । बैंकले राम्रो र उपयुक्त लागेका हाइड्रो प्रोजेक्टमा भने बैंकले कर्जा लगानी गरिरहेको जानकारी गराउनु भयो ।

४) बोनश शेयरमा मेनुपुलेसन भयो भन्ने भनाईमा सत्यता नभएको । बैंकको सम्पूर्ण कारोवार पारदर्शि छन् । बाह्य लेखापरीक्षकबाट लेखापरीक्षण र नेपाल राष्ट्र बैंकबाट अनसाईट ईन्सपेक्सन समेत गरी बैंकको कारोवारलाई निगरानी गरिने भएकोले त्यस्तो भनाई निराधार हो भनि स्पष्ट गराउनु भयो ।

५) शाखा खोल्ने सम्वन्धमा चालु आ.व.मा उपत्यका वाहिर ६ वटा र उपत्यकामा २ वटा गरी ८ वटा शाखा खोल्ने योजना अनुरुप कार्य भई रहेको व्यहोरा जानकारी गराउनु भयो ।

६) पुँजी योजना सम्वन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम चुक्ता पुँजी रु.२ अरव पुऱ्याउनको लागि चालु आ.ब.को मुनाफाबाट बोनश शेयर वितरण गरी तोकिएको चुक्ता पुँजी पुऱ्याउने लक्ष्य

रहेको छ भने विभिन्न बैंक, बित्तीय संस्थाहरुसँग गाभ्ने गाभिने सम्वन्धमा कार्य भई रहेकोले त्यसबाट पनि पुँजी बृद्धिमा सहयोग हुने अपेक्षा गरिएको व्यहोरा अवगत गराउनु भयो ।

अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको थप जिज्ञासा मेटाउने क्रममा समयमा साधारण सभा सम्पन्न गर्न ढिलाई हुनुमा लेखापरीक्षक हो कि भन्ने प्रश्नको उत्तर दिँदै लेखापरीक्षकले भाद्र महिनामा नै आफ्नो प्रतिवेदन दिएको र उक्त प्रतिवेदन सहित अनौपचारिक रुपमा पूर्व स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरेको स्पष्ट पार्दै केवल लाभांश घोषणा शेयरधनीहरुको हितमा गर्न खोज्दाको प्रयासको कारण मात्र साधारण सभा समयमा सम्पन्न गर्न नसकिएको व्यहोरा अवगत गराउनु भयो । त्यसैगरी यो बैंकले संस्थागत सुशासनमा अति सचेत भई कार्य गरेको र कुनै पनि लुकाउनु पर्ने कुरा नभएको कारणले साधारण सभा गर्न डराउने भन्ने प्रश्न नै नहुने व्यहोरा स्पष्ट गराउनु भयो । बैंकले सुधार गर्नु पर्ने धेरै कुराहरु छन् भन्नेमा आफु सहमत हुँदै त्यसमा आफु प्रयासरत रहेको र सम्पत्तिको गुणस्तर सुधार गर्न निरन्तर प्रयास भई रहेको र सो मा शुभ संकेतहरु समेत देखापरिरहेकोले चालु आ.व. राम्रो हुने अपेक्षा व्यक्त गर्नुभयो । अन्तमा शेयरधनीहरुले दिनु भएको महत्वपूर्ण सुझावहरुलाई हृदङ्गम गरी आउँदा दिनहरुमा सम्भव भएसम्म लागु गर्ने प्रयास गरिने प्रतिवद्धता समेत जनाउनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ति सुझावहरुलाई सञ्चालक समिति तथा व्यवस्थापन समूह विच गहन छलफल गरी उपयुक्त देखिएका र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरीने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनीहरुको महत्वपूर्ण सल्लाह, सुझाव, भावना आदिको उच्च कदर गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई पारित गरीदिनको लागि अनुरोध गर्नु भयो । साथै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति चाहान्छु भन्दै छलफलका विषयहरुलाई आ–आफ्नो स्थानवाट तालि बजाई क्रमैसंग पारित गरिदिन अनुरोध गर्नुभयो ।

**१४) सभाको प्रस्ताव तथा निर्णयहरुः–**

**क) सामान्य प्रस्ताव**

**१. तेह्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारीत गर्ने :–**

सभाको निर्धारित विषयसूचीको नंवर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट कर्तलध्वनीका साथ ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७० को वासलात, आ.व. २०६९/७० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गर्ने :–**

प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६९/७० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७० को वासलात, आ.व. २०६९/७० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन

लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत) उपर छलफल गरी पारित गरि दिन गरिएको प्रस्तावलाई सभावाट ताली बजाई सर्वसम्मतिले पारित गरियो ।

**३. आर्थिक वर्ष २०७०/७१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने :-**

विषयसूची नं.३ अन्तर्गत रहेको आर्थिक वर्ष २०६९/७० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमीक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएको Baker Tilly Dev Associates (बकर टिल्ली देव एशोसियट्स) लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम मूल्य अभिबृद्धि कर वाहेक जम्मा रु.३,५७,०००/– (जसमा स्टाच्युटरी अडिट फि रु.१,३६,५००/–, ट्याक्स अडिट फि रु.१,३६,५००/–, लङ्गफर्म अडिट रिपोर्ट फि रु.६३,०००/– र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि रु.२१,०००/– हुनेगरी) (अक्षरुपी तिन लाख सन्ताउन्न हजार मात्र) भुक्तानी गर्ने निर्णय गरीयो । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको सम्वन्धमा समेत मूल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु.३,७४,०००/– (अक्षरुपी तिन लाख चौहत्तर हजार मात्र) दिने निर्णय सहित कुल भुक्तानी कर वाहेक रु.७,३१,०००/– र मूल्य अभिबृद्धि कर रु.९५,०३०/– समेत गरी कुल रु.८,२६,०३०/– मा ननाघ्ने गरी भुक्तानी दिन भएको प्रस्तावलाई सभाबाट सर्वसम्मतिले तालि बजाई पारित गरियो ।

**४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु.१,१८,१७,४७४/– (चुक्ता पुँजीको ०.७४ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने :–**

प्रस्ताव नं.४ मा रहेको चुक्ता पुँजीको ०.७४ (शुन्य दशमलव सात चार) प्रतिशत नगद लाभांश स्वीकृत गर्ने प्रस्तावलाई सभाले तालिबजाई सर्वसम्मतिले पारित गरीयो ।

**५. संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने चार (४) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने एक (१) जना सञ्चालकको निर्वाचन गर्ने । साथै संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको कार्यकाल बढीमा चार (४) वर्ष र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको यस अघि निर्वाचित दुई (२) जना सञ्चालकहरुको कार्यकालसँग मेल खाने गरी बढीमा तीन (३) वर्षको कार्यकाल तोक्ने ।**

प्रस्ताव नं. ५ मा रहेको संस्थापक शेयरधनीहरु (समूह "क") को तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद चार (४) र सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद (एक (१) को निर्वाचन सम्वन्धमा निर्वाचन अधिकृत श्री इन्द्र खरेलले आफुलाई सुम्पेको जिम्मेवारी मुताविक निर्वाचनको कार्यतालिका, निर्वाचन मतदाता नामावली, निर्वाचन उमेदवार मनोनयन, उमेदवारहरुको नामावाली/अन्तिम नामावली प्रकाशन समेतको बारेमा छोटकरीमा अवगत गराउनु भयो । संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद चारको लागि संस्थापक **श्री नूर प्रताप ज.ब.राणा, श्री सन्तोष कुमार लामा, श्री उत्तम प्रसाद भट्टराई र श्री नरेश दुगड** गरी चार जनाको मात्र उमेदरवार मनोनयन पत्र दर्ता भएकोले उहाँहरु संस्थापक सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । त्यसै गरी सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद एक (१) मा दुई जना उमेदवारहरुको उमेदवारी परेकोमा तोकिएको मिति र समय भित्र एक जना उमेदवार (शेयरधनी नं. ३८५२२ का) श्री टोपेन्द्र बुढाथोकीले व्यक्तिगत कारण जनाई आफ्नो उमेदवारी फिर्ता लिनु भएकोले एक (१) जना सञ्चालक पदको लागि (शेयरधनी नं. ४४०४८ का) **श्री पुना राम भण्डारी**को मात्र सञ्चालक पदको लागि मनोनयन बांकी रहेकोले उहाँ समेत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । साथै उहाँले नव–निर्वाचित सञ्चालकज्यूहरुलाई बधाई ज्ञापन गर्दै उहाँहरुको कार्यकाल सफलता पूर्वक सम्पन्न होस भन्ने कामना समेत गर्नु भयो । सभाले निर्वाचन परिणामलाई कर्तल ध्वनीको साथ तालि बजाई सर्वसम्मतिले स्वीकृत गरी बधाई ज्ञापन गरीयो । साथै संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको कार्यकाल बढीमा चार (४) वर्ष र हाल सर्वसाधारण समूहबाट

प्रतिनिधित्व गर्ने सञ्चालकको यस अघि निर्वाचित दुई (२) जना सञ्चालकहरुको कार्यकालसँग मेल खाने गरी अर्थात निजहरुको बाँकी कार्यसम्म कायम रहने गरी बढीमा तीन (३) वर्षको कार्यकाल तोक्ने प्रस्तावलाई समेत सभाले स्वीकृत गर्ने निर्णय गरियो ।

**ख) <u>विशेष प्रस्ताव</u>**

**सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १४ (चौध) प्रतिशत बोनश शेयर जारी गर्ने तथा सोको लागि प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गरी जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने :–**

प्रस्तावित विषय सूचिको (ख) मा रहेको विशेष प्रस्ताव अन्तर्गत सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम खुद चौध (१४) प्रतिशत बोनश शेयर स्वीकृत गर्ने सम्वन्धी प्रस्तावलाई सभाले ताली बजाई सर्वसम्मतीले पारित गरीयो । साथै सोको लागि बैंकको प्रबन्ध पत्रको दफा ५ (ख) र (ग) संशोधन गरी जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्वन्धी प्रस्तावलाई समेत देहाय बमोजिम हुने गरी सभाले कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो :–

**प्रबन्धपत्रको दफा ५ (ख)** "बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु.१,८२,८३,३२,०००/– (अक्षरुपी एक अर्व बयासी करोड त्रियासी लाख बत्तिस हजार मात्र हुनेछ) ।"

**प्रबन्धपत्रको दफा ५ (ग)** "बैंकको तत्काल चुक्ता पुँजी रु.१,८२,८३,३२,०००/– (अक्षरुपी एक अर्व बयासी करोड त्रियासी लाख बत्तिस हजार मात्र हुनेछ) ।"

**ग) विविधः** अन्तमा रहेको विविध प्रस्ताव केही नभएकोले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., लेखापरीक्षक, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| नरेन्द्र प्रसाद छत्कुली | नूर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | अध्यक्ष-सञ्चालक समिति |